ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

**(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)**

**(तीन जिल्ला कार्यक्षेत्र भएको)**

वडा नं. २, हरिशंकर रोड, बागलुङ, नेपाल, फोनः ०६८–५२२८६५, फ्याक्सः ०६८–५२२८६७
E-mail: info@greenbank.com.np, Website: www.greenbank.com.np

**को**

# साधारण शेयरको बाँडफाँट तथा रकम फिर्ता भुक्तानी पूर्जा वितरण बारेको सूचना

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको प्रति शेयर रू.१००/- अंकित दरका ४,५०,००० कित्ता साधारण शेयरहरू एनआइबिएल क्यापिटल मार्केट्स लि.को निष्काशन तथा बिक्री प्रवन्धकत्वमा मिति २०७३/२/२३ गतेदेखि मिति २०७३/२/२६ गतेसम्म सर्वसाधारणमा खरीद आह्वान गरिएकोमा सो अवधिभित्र रितपूर्वक आवेदन दिनु हुने १,०१,१५६ जना आवेदकहरू मध्ये २७,५०६ जना आवेदकहरूलाई बाँडफाँट सम्बन्धी प्रचलित कानून बमोजिम सो बैंकको शेयरहरू मिति २०७३/३/२९ गते बाँडफाँट गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गर्दछौं ।

साथै उक्त शेयरको लागि आवेदन दिने आवेदकहरूको शेयर बाँडफाँट-पत्र तथा रकम फिर्ता भुक्तानी पूर्जा **मिति २०७३ श्रावण ३ गते सोमबार**देखि वितरण गर्ने व्यवस्था मिलाइएकोले आफूले आवेदन बुझाएको संकलन केन्द्रमा सम्पर्क राखि शेयर बाँडफाँट-पत्र तथा भुक्तानी पूर्जा संकलन गर्नुहुन सूचित गर्दछौं ।

आवेदकहरूले शेयर बाँडफाँट-पत्र तथा भुक्तानी पूर्जा संकलन गर्न आउँदा दरखास्त फारमको अर्धकट्टीको साथै आवेदक स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुहुन अनुरोध गर्दछौं । स्वयं उपस्थित हुन नसकी अन्य व्यक्ति मार्फत बाँडफाँट-पत्र तथा भुक्तानी पूर्जा संकलन गर्न चाहने आवेदकहरूको हकमा लिन आउने व्यक्तिलाई आफ्नो मञ्जुरीनामा र दरखास्त फारमको अर्धकट्टीका साथै स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा मन्जुरीनामा प्राप्त गर्ने व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यहोरा यसै सूचनाद्वारा अनुरोध गर्दछौं ।

**बाँडफाँटमा परेका शेयरधनीहरुको विवरण ग्रीन डेभलपमेन्ट बैंकको** Website: www.greenbank.com.np, **तथा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लि.को** Website: www.niblcapital.com **र** Mobile Apps **बाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।**

**नोटः**

१ नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडमा खाता रहेको र सोही खाता आवेदन फाराममा उल्लेख गरि दरखास्त दिने आवेदकहरुको रकम फिर्ता भुक्तानी सोही खातामा गरिने भएकोले कथंकदाचित रकमान्तर भएको नदेखिएमा सम्वन्धित संकलन केन्द्रमा सम्पर्क राख्न हुन अनुरोध छ ।

२ सि.नं. १ मा उल्लेखित बैंकको खातामा रकमान्तरण गरिएका आवेदक/शेयरधनीहरुको हकमा निजहरुको बाँडफाँड-पत्र, रकम फिर्ता भुक्तानी गरेको मितिले सातौं दिन पश्चात् वितरण गरिने भएकोले सम्वन्धित संकलन केन्द्रमा सर्म्पक राख्नुहुन अनुरोध छ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लि.**

(A Subsidiary of Nepal Investment Bank Limited)

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com